# कपुरकोट गाउँपालिकाका पदाधिकारीहरुको सेवा सुविधा र पारिश्रमिक ऐन २०७५

प्रमाणिकरण मिति २०७५।३।

संवत २०७५ सालको ऐन नं

प्रस्तावना : **कपुरकोट गाउँपालिकाका पदाधिकारीहरुको** निमित्त पारिश्रमिकको व्यवस्था गर्नु वाञ्छनिय भएकोले

कपुरकोट गाउँपालिकाको गाउँ सभावाट यो ऐन वनाएको छ ।

**१) संक्षिप्त नाम र प्रारम्भ** : १) यस ऐनको नाम गाउँपालिकाका अध्यक्ष उपाध्यक्ष वडाध्यक्ष र कार्यपालिका सदस्य र वडा समितिका सदस्यहरुको पारिश्रमिक सेवा सुविधा सम्वन्धी ऐन , २०७५ रहेको छ ।

२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२) परिभाषा :** अध्यक्ष : अध्यक्ष भन्नाले यस कपुरकोट गाउँपालिका अध्यक्षलाइ जनाउनेछ ।

उपाध्यक्ष : उपाध्यक्ष भन्नाले यस कपुरकोटगाउँपालिका उपाध्यक्षलाइ जनाउनछ ।

वडाध्यक्ष : वडाध्यक्ष भन्नाले यस कपुरकोट गाउँपालिका वडाध्यक्षलाइ जनाउनछ ।

**३) पारिश्रमिक** : गाउँपालिका अध्यक्ष , उपाध्यक्ष , वडा अध्यक्ष र कार्यपालिकाका सदस्यहरुले प्रदेश सभाले तोके वमोजिमको अनुसुची (१) वमोजिमको पारिश्रमिक पाउने छन ।

**४) आवाश सुविधा** : १) गाउँपालिका अध्यक्ष , उपाध्यक्षलाई गाउँपालिकाको सरकारी घरको वन्दोवस्त गरिनेछ ।

२) उपरोक्त वमोजिमको घरको मर्मत र संभार गाउँपालिकावाट हुनेछ ।

३) उपदफा (१) वमोजिम सरकारी घरको वन्दोवस्त नभएकोमा निजी सचिवालयको व्यवस्था सहितको तीन वटा कोठा सहितको उपयुक्त घर भाडामा लिएर गाउँपालिकाले उपलव्ध गराउनेछ ।

४) उपदफा (१) वा (३) वमोजिम गाउँपालिकावाट वन्दोवस्त भएको आवास तथा अध्यक्ष , उपाध्यक्ष वडाअध्यक्ष भाडामा लिइने घरको लागी उपयुक्त फर्निचरको व्यवस्था गाउपालिकावाट हुनेछ ।

५) उपदफा (१),(२)(,३)(,४) वमोजिमको सुविधा गाउँपालिकाको केन्द्र देखि पाँच किलोमिटर भित्र स्थायी घर ठेगाना भएका अध्यक्ष उपाध्यलाई दिइने छैन ।

५) यस दफा वमोजिम पाउने सुविधा अध्यक्ष र उपाध्यक्ष निजको पदावधी समाप्त भएको मितिले सात दिनसम्म दिइनेछ ।

**५) विजुली , धारा र टेलिफोन सुविधा** : १) अध्यक्ष उपाध्यक्षको आवासमा जडान गरिएको विजुली धारा, इन्टरनेट र एक लाइन टेलिफोन जडान गर्न लाग्ने खर्च तथा त्यस्तो विजुली, धारा, इन्टरनेट र टेलिफोनको महशुल गाउँपालिकाले व्यहोर्नेछ ।

२) गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष र कार्यपालिका सदस्यहरुले अनुसूची (१) वमोजिमको प्रति महिना संचार खर्च पाउनेछन ।

३ ) गाउपालिकाको अध्यक्ष र उपाध्यक्षको आवाशमा इन्टरनेट र एक लाइन टेलिफोन जडान गर्न लाग्ने खर्च गाउँपालिकाले व्यहोर्ने छ । त्यस्तो आवासमा जडान गरिएको विजुली, धारा, टेलिफोन र इन्टरनेटको महशुल वापत अनुसूची (१) मा उल्लेख भए वमोजिमको रकम दिइनेछ ।

४) उपदफा (२) वमोजिमको महशुल वापतको सुविधा आफनो घरमा वसोवास गर्ने अध्यक्ष र उपाध्यक्षले पाउने छैनन् ।

**६) सवारी तथा इन्धन सुविधा** (:१) अध्यक्ष उपाध्यक्षलाइ सवारीको लागी सवारी साधन १ र अनुसुची (१) मा उल्लेख भए वमोजिमको इन्धन तथा मोविल उपलव्ध गराइने छ

२) वडाध्यक्षहरुको सवारीको लागी मोटरसाइकल १ र अनुसूचि (१) मा उल्लेख भएवमोजिम इन्धन तथा मोविल र मर्मत खचर्त उपलव्ध गराइनेछ ।

३) उपदफा (१) र (२) वमोजिम उपलव्ध गराइएको सरकारी सवारी साधनको नियमित मर्मत संभार तथा ग्रिजको वन्दोवस्त गरिनेछ ।

४) उपदफा (१) वमोजिमको सुविधा अध्यक्ष उपाध्यक्ष र वडाध्यक्षलाइ निजको कार्यकाल समाप्त भएको मितिले सात दिन सम्म दिइनेछ ।

**७) अतिथी सत्कार र मसलन्द र भैपरी आउने खर्च** :पदाधिकारीहरुले आफनो ओहदा सम्वन्धी काममा नेपाल भित्र भ्रमण गर्दा वर्षको वढीमा एक पटक सम्म अनुसूची १ मा उल्लेख भए वमोजिमको रकम भैपरी आउने खर्चको रुपमा पाउनेछ ।

२) गाउँपालिकाका अध्यक्ष उपाध्यक्ष वडाध्यक्ष वडा सदस्य र कार्यपालिका सदस्य हरुले कुनै विदेशी मुलुक संयुक्त राष्ट संघ वा त्यसको विशिष्टीकृत संस्था वा निकाय वा दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन को निमन्त्रणा वा गाउँपालिकाको निर्णय वमोजिम अर्न्तराष्टिय सम्मेलन सेमिनार आदिमा भाग लिन नेपाल वाहिर जाँदा गाउँकार्यपालिकाले निर्णय गरे वमोजिम रकम भैपरी आउने रकम पाउने छ ।

**८) वैठक , दैनिक तथा भ्रमण भत्ता** (१) गाउँसभाका प्रत्येक सदस्यहरुलाइ गाउँ कार्यपालिकाको वा वडा समितिको वा त्यसको कुनै समितिको कुन वैठकमा भाग लिएको वा कार्यपालिकाको अन्य काम गरेको प्रत्येक दिनको निमित्त अनुसूची (१) वमोजिम समितिको वैठक भत्ता वापत प्राप्त हुनेछ ।

२) उपदफा (१) वमोजिम प्राप्त हुने वैठक भत्ता दिनमा दुइ वा सो भन्दा वढी समितिको वैठकमा भाग लिए वापत पनि सोही वमोजिमको वैठक भत्ता पाउनेछ ।

३) यस गाउँपालिका वडावाट विभिन्न समितिको वैठकमा भाग लिन आउने  सदस्यहरुलाइ अनुसुची (१) वमोजिम खाना खर्च र यातायात खर्च वापत उपलव्ध गराइनेछ ।

४) गाउँपालिकाको कामको शिलशिलामा गाउँपालिका भित्रको १५ किलोमिटर वाहिर वा जिल्ला भित्रको एक गाउँपालिका वा नगरपालिका वा सोही जिल्ला भित्रको अर्को गाउँपालिका वा नगरपालिका वा एक जिल्ला वा अको जिल्ला भित्र भ्रमण गर्दा अनुसूची (१) मा उल्लेखित पदाधिकारीहरुले अनुसूची (१) वमोजिमको दैनिक भ्रमण भत्ता पाउनेछन्,।

५) गाउँपालिका अध्यक्ष उपाध्यक्ष वडाअध्यक्ष , कार्यपालिका सदस्य र वडा सदस्यहरुले कुनै विदेशी मुलुक, संयुक्त राष्ट संघ वा त्यसको विशिष्टीकृत निकाय वा दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) को निमन्त्रणा वा संघिय सरकार , प्रदेश सरकार , गाउँपालिकाको निर्णय वमोजिम सरकारी कामको सिलशिलामा विदेशी मुलुकको भ्रमण गर्दा खाना र वस्नको व्यवस्था आफैले गर्नु पर्ने भएमा भ्रमण खर्च सम्वन्धी प्रचलित कानुन वमोजिमको दैनिक तथा भ्रमण खर्च पाउनेछ ।

६) गाउँपालिका अध्यक्ष उपाध्यक्ष वडाअध्यक्ष , कार्यपालिका सदस्य र वडा सदस्यहरुले कुनै विदेशी मुलुक, संयुक्त राष्ट संघ वा त्यसको विशिष्टीकृत निकाय वा दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन सार्क को निमन्त्रणामा त्यस्तो मुलुक वा संस्थाको अतिथीको रुपमा भ्रमण गर्दा वस्ने व्यवस्था मात्र भएकोमा त्यस्ता मुलुकमा वसेको अवधिको लागी उपदफा २ वमोजिम पाउने रकमको आधा रकम दैनिक तथा भ्रमण भत्ताको रुपमा पाउनेछ ।

७) गाउँपालिका अध्यक्ष उपाध्यक्ष वडाध्यक्ष , कार्यपालिकाका सदस्य र वडा सदस्य उपदफा ५,६ वमोजिम विदेश भ्रमणमा जाँदा आयोजक संस्था वा सम्वन्धीत विदेशी मुलुकले खान र वस्नको लागी व्यवस्था व्यवस्थ ागर्ने गरि आतिथ्यता प्रदान गरेको र पाकेट खर्च नदिएको भएमा उपदफा ५ वमोजिम पाउने रकमको एक चौथाइ रकम मात्र पाकेट खर्च वापत पाउनेछ ।

८) माथि जुनसुकै कुरा लेखिएको भएतापनि विदेशी मुलुकको भ्रमण गर्दा आयोजक संस्था वा सम्वन्धीत विदेशी मुलुकले दैनिक तथा भ्रमण भत्ता उपलव्ध गराएकोमा यस दफा वमोजिमको दैनिक भ्रमण भत्ता वा पाकेट खर्च उपलव्ध गराइने छैन

९ यस दफामा  जुनसुकै कुरा लेखिएको भएता पनि स्वदेशी वा विदेशी गैर सरकारी संस्थाको निमन्त्रणामा गाउँपालिकाका अध्यक्ष उपाध्यक्ष वडाअध्यक्ष कार्यपालिकाका सदस्य र वडा समितिका सदस्यहरुले विदेश भ्रमण गर्ने छैनन् ।

**९) भ्रमण खर्च पाउने पदाधिकारीको  वर्गिकरण** १) यस ऐन वमोजिम सुविधा उपलव्ध गराउने प्रयोजनका लागी देहायका पदाधिकारी देहाय वमोजिम वर्गिकरण गरिएको छ ।

क) प्रमम तह : गाउँपालिकाका अध्यक्ष

ख) द्धितिय तह : गाउँपालिकाका उपाध्यक्ष

ग) तृतिय तह : वडाअध्यक्ष र गाउँ कार्यपालिकाका सदस्य र वडा सदस्यहरु

२) उपदफा १ मा लेखिए देखि वाहेक अन्य कुनै पदाधिकारीहरु वा व्यक्तिलाइ भ्रमण गर्ने आदेश दिनुपर्दा त्यस्तो आदेश दिने अधिकारीले त्यस्तो पदाधिकारी वा व्यक्तिको तह खुलाइ आदेश दिनुपनेछ ।

**१०) भ्रमणमा खटाउने अधिकारी :** १) यस गाउँपालिका अध्यक्षले गाउँपालिका भित्र वा एक गाउँपालिका वा नगरपालिका देखि अर्को गाउपालिका वा नगरपालिका सम्म वा एक जिल्ला वा अर्को जिल्ला भित्र भ्रमण गर्दा आफैले र कार्यपालिका उपाध्यक्ष, वडा अध्यक्ष , कार्यपालिका सदस्य र वडा समितिका सदस्यहरुलाइ गाउँपालिका अध्यक्षले काजमा खटाउन सक्नेछ ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि आफनो पदाधिकार रहेको वडा भित्र काजमा खटिनु पर्ने भए सम्वन्धीत वडाको वडाध्यक्षले काममा खटाउन वाधा पर्गे छैन

३) यस गाउपालिकाका पदाधिकारीहरुले सरकारी कामको शिलसिलामा खटीइ जाँदा पाउने सुविधा ऐनको दफा ७ को उपदफा ४ वमोजिमको दुरी भ्रमण गरेको हुनु पर्नेछ ।

**११) नियम वनाउने अधिकार :** १) यो ऐनको उदेश्य कार्यान्वयन गर्न गाउँपालिकाले आवश्यक नियमहरु वनाउन सक्नेछ ।

**१२) (१) मार्गदर्शन कार्यविधी तथा निर्देशिका वनाउन सक्ने** : यस ऐनको कार्यान्वयनको लागी गाउँ ‍पालिकाले आवश्यक मार्गदर्शन कार्यविधि वा निर्देशिका वनाउन सक्नेछ र त्यस्तो कार्यविधि वा निर्देशिका गाउँ कार्यपालिकावाट स्वीकृत भएपछि लागु हुनेछ ।

**१३) वाधा अडकाउ फुकाउ फुकाउने अधिकार** : यस ऐनको कार्यान्वयन गर्न कुनै वाधा अडकाउ परेमा गाउँकार्यपालिकाले कपुरकोटराजपत्रमा सूचना प्रकाशित गरि आवश्यक आदेश जारि गर्न सक्नेछ

**१४) अनुसूचीमा हेरफेर** : कपुरकोट गाउँपालिकाले गाउँपालिकाको राजपत्रमा सूचना प्रकाशन गरि अनुसूचीमा हेरफेर गर्न सक्नेछ ।

**१५) वचाउ** : यस गाउँ सभा वा गाउँ कार्यपालिकाका वैठकले निर्णय अनुसार भएका काम कारवाही यसै ऐन वमोजिम भए गरेका मानिनेछन् ।

## अनुसूची १

### (दफा ३ , दफा (४)को उपदफा (२) र (३) दफा ५ को उपदफा (१) र (२) दफा ६ को उपदफा (१) (३) र (४) सँग सम्वन्धित

कपुरकोट गाउँपालिकाका पदाधिकारीहरुको सेवा सुविधा र पारिश्रमिक र अन्य सुविधा

| क.स | सुविधाको प्रकार | इकाइ दर | अध्यक्ष | उपाध्यक्ष | वडाअध्यक्ष | कार्यपालिका सदस्य | वडा सदस्य |
|---|---|---|---|---|---|---|---|
| १ | पारिश्रमिक | प्रति महिना रु | प्रदेश सभाले निर्धारण गरेवमोजिम | प्रदेश सभाले निर्धारण गरेवमोजिम | प्रदेश सभाले निर्धारण गरेवमोजिम | प्रदेश सभाले निर्धारण गरेवमोजिम | प्रदेश सभाले निर्धारण गरेवमोजिम |
| २ | वैठक भत्ता | प्रति वैठक | १५०० कर सहित | १५०० कर सहित | रु १५०० कर सहित - वडासमिति वा वडास्तरीय बैठकको भत्ता रु १००० हुनेछ ) | रु १५०० कर सहित | रु १५०० कर सहित |
| ३ | आवाश सुविधा | प्रति महिना रु | भएको (तर ५ कि.मी भन्दा वाहिर घर भएमा मात्र) | भएका (तर ५ कि.मी भन्दा वाहिर घर भएमा मात्र) | नभएको | नभएको | नभएको |
| ४ | आवाश मर्मत | प्रति महिना | मर्मत सुविधा गाउँपालिकाले गर्ने | मर्मत सुविधा गाउँपालिकाले गर्ने | नभएको | नभएको | नभएको |
| ५ | विजुली धारा टेलिफोन | प्रति महिना रु | विलअनुसार | विलअनुसार | नभएको | नभएको | नभएको |
| ७ | मोवाइल फोन सुविधा | प्रति महिना | एन्डोयड मोवाइल थान १ र रकम रु २००० प्रति महिना | एन्डोयड मोवाइल थान १ र रकम रु १००० प्रति महिना | सादा मोवाइल थान १ र रकम रु १००० प्रति महिना | नभएको | नभएको |
| ६ | सवारी इन्धन | प्रति महिना लिटर | १०० लिटर | ५० लिटर | २० लिटर | नभएको | नभएको |
| ७ | मोविल | त्रैमाशि | १० | ५ | नभएको | नभएको | नभएको |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | क | | | | | |
| ८ | दैनिक भ्रमण भत्ता | प्रति पटक | १६०० | १६०० | १२०० | १२०० | १२०० |
| ९ | दैनिक भ्रमण भत्ता वैदेशिक | प्रति पटक | प्रचलित ऐन अनुसार | प्रचलित ऐन अनुसार | प्रचलित ऐन अनुसार | प्रचलित ऐन अनुसार | प्रचलित ऐन अनुसार |
| १० | भैपरी आउने खर्च | वर्षमा १ पटक | ५००० | ५००० | ३००० | नभएको | २००० |
| ११ | सवारी साधन | गोटा | हल्का सवारी | हल्का सवारी | मोटरसाइकल | नभएको | नभएको |
| १२ | अतिथी सत्कार र मसलन्द प्रति महिना | प्रति महिना | १५०० | १००० | १००० | नभएको | नभएको |
| | | | | | | | |